# नेपाल राजपत्र

## भाग ४

श्री ५ को सरकारद्वारा प्रकाशित

काठमाडौं, असोज २४ गते २०४० साल

श्री ५ को सरकार

### मन्त्रिपरिषद् सचिवालयको

### सूचना

अर्थ मन्त्रालयका सचिव श्री कर्णध्वज अधिकारी विश्व बैङ्कको वार्षिक बैठकमा भाग लिन मिति २०४०।६।६ मा वाशिङ्टनतर्फ प्रस्थान गर्नुभएकोले उहाँ फर्की हाजिर नभएसम्मका लागि सो सचिव पदमा निजामती सेवा नियमावली, २०२१ को नियम ८.२ को उप-नियम (१) को खण्ड (क) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले सोही मन्त्रालयका अतिरिक्त सचिव श्री हितसिंह श्रेष्ठलाई मिति २०४०।६।७ देखि कायम मुकायम मुकरर गरेको छ।

आज्ञाले,
भोगेन्द्रनाथ रिमाल
श्री ५ को सरकारको मुख्य सचिव



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
325

मुद्रण विभाग, सिंहदरबार